मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
गौर, रौतहट

Email: info.akcrautahat@madhesh.gov.np
Website: akcrautahat.madhesh.gov.np
Phone: 055-520001, 9855040129
FB: facebook.com/akc.rautahat

सूचना नं.: ०६।०८३।८४

व्यावसायिक उखु खेती परियोजना कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना !!!

प्रथम पटक प्रकाशित मिति: २०८३।०६।२२

यस कृषि ज्ञान केन्द्र, रौतहटको चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **व्यावसायिक उखु खेती परियोजना कार्यक्रम** रहेको हुँदा सो कार्यक्रम संचालन गर्न इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले **३० (तीस)** दिन भित्र अर्थात् **२०८३।०७।२० गते कार्यालय समय भित्र** परियोजना प्रस्ताव सहित तपसिल अनुसारको कागजातहरु सहित निवेदन पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

१. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. सम्बन्धित स्थानीय निकायको सिफारिस,
३. कृषक आवेदकको हकमा कम्तीमा १० कट्ठा/फार्मको हकमा २ विघा/कृषि समूह/सहकारीको हकमा १५ विघा क्षेत्रफलमा उखु खती गरिरहेको वा गर्न इच्छुक जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि,
४. चिनीमिलबाट प्राप्त हुने उखु बिक्री वितरण गरेको प्रमाण खुल्ने चलान पुर्जी वा सो सम्बन्धी अन्य कागजातहरुको प्रतिलिपि।
५. कृषक समूह/सहकारी/फर्मको हकमा संस्था दर्ता प्रमाण पत्र र नवीकरणको प्रतिलिपि,
६. कृषक समूह/सहकारी/फर्मको स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपि,
७. कृषक समूह/सहकारी/फर्मको हकमा गत आ.व. को लेखा परीक्षण प्रतिवेदन र गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
८. कृषक समूह/सहकारीको हकमा कार्य्रकम संचालन सम्बन्धी निर्णयको प्रतिलिपि र अख्तियारीनामा,

संचालन हुने कार्यक्रमहरु:

१. **प्लान्टिङ्ग मेट्रियल**: सेट
२. **सिंचाई प्रणली**: साना सिंचाई व्यवस्थापन
३. **यान्त्रिकरण**:
   क) उखु खेतीमा यान्त्रिकरण प्रवर्द्धनको लागि सहकारी संस्थाको सहकार्यमा कष्टम हायरिङ्ग सेन्टर स्थापना एवं संचालन गरिने छ।
   ख) कृषकहरुको हकमा बीउ/सेट्स काट्ने, खनजोत गर्ने, रोप्ने, गोडमेल गर्ने स्वचालित यन्त्र (मिनि टिलर, पावर टिलर आदि), पावर स्प्रेयर, खुट्टी व्यवस्थापन गर्न आवश्यक मेसिनरीहरु जस्तै एम.बी. पलाउ, ट्रेन्च रिजर, बर्ड चिपर, बर्ड कटर, केन प्लान्टर मेसिनहरुमा सहयोग उपलब्ध गराइनेछ।
४. **घुसुवा बाली प्रवर्द्धन**: उखु बालीमा घुसुवा बाली प्रवर्द्धनको लागि घुसुवा बाली प्रदर्शनी कार्यक्रम कम्तिमा १० कट्ठामा संचालन गरिने छ। घुसुवा बालीको लागि चाहिने बिउ, मल लगायत अन्य सामाग्री उपलब्ध गराइने छ।
५. **क्षमता अभिवृद्धि**: उखुबालीमा संलग्न कृषकहरुको प्राविधिक क्षमता अभिवृद्धिका लागि उखुबाली प्रवर्द्धन अन्तर्गत उत्पादन देखि बजारीकरण सम्मका विषयहरुमा तालीम प्रदान गरिने छ।
६. अन्य क्रियाकलापहरु मधेश प्रदेशको व्यावसायिक उखु खेती परियोजना प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८३ बमोजिम हुनेछ।

नोट: अधिकतम् अनुदान प्रतिशत मधेश प्रदेशको कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संसोधन २०७७) मा व्यवस्था भए बमोजिम हुनेछ।

कार्यक्रमको दरखास्त फाराम यस कार्यालयको वेबसाइट www.akcrautahat.madhesh.gov.np मा राखिएको छ। विस्तृत विवरणको लागि सूचना अधिकारीको सम्पर्क नं: ९८५५०४०१२९ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

२०८३/०६/२२
अमर चन्द्र मण्डल
प्रमुख (नवौं तह)

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"